# नेपाल सरकार

मा. विष्णु प्रसाद प्रसाई
प्रदेश प्रमुख

प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर,नेपाल

## ईद (इदुल फित्र) पर्व, २०७८ को शुभकामना सन्देश

इस्लाम धर्मावलम्बीहरुको महान पर्व ईद (इदुल फित्र) को शुभ-अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका बागमती प्रदेशवासी एवं समस्त नेपाली इस्लाम धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धी, सुस्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक शुभकामना ब्यक्त गर्दछु ।

ईद (इदुल फित्र) पर्वलाई मुस्लिम समुदायले आपसी रिस, राग र द्वेषलाई बिर्षेर आपसमा खुशी साटासाट गर्दै शुभकामना आदान प्रदान गरी हर्षोल्लासका साथ मनाउने गरिन्छ । यस पर्वले विश्वका विभिन्न स्थानमा छरिएर रहेका प्रदेशवासी एवं नेपालीहरुको धार्मिक तथा सांस्कृतिक विविधता बीच आपसी सद्‌भाव, सहिष्णुता, भातृत्व एवं पारस्परिक सहयोगलाई थप प्रगाढ तुल्याउन प्रेरित गर्ने महसुस गरेको छु । यस पर्वले विभिन्न जातजाति र समुदायको आफ्नो मौलिक संस्कृति र परम्पराको संरक्षण, सम्बर्द्धन र विकास गर्न टेवा पुयाउने अपेक्षा समेत लिएको छु ।

अन्त्यमा, विश्वव्यापी महामारीको रुपमा फैलिएको नोवेल कोरोनाभाइरस (कोभिड-१९) को दोस्रो चरणको महामारीले झन धेरै संकट ल्याएको हुँदा यसबाट सजग रही सुरक्षित तवरले यो पर्व मनाउन सबैमा अपिल गर्दै यस पर्वले हामी सबैमा भातृत्व, शान्ति र सामाजिक सहिष्णुताको लागि थप प्रेरणा मिलोस भन्ने शुभकामना व्यक्त गर्दछु ।

**धन्यवाद !**

**२०७८ बैशाख ३१ गते, शुक्रबार ।**

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**विष्णु प्रसाद प्रसाई**
**प्रदेश प्रमुख**
**बागमती प्रदेश**